भाग ९  साधारण राज्यव्यवस्था र पर्राष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १२ संसद्--सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग १३ विकाश तथा योजनासम्बन्धी विज्ञप्ति सूचना इत्यादि ।

## भाग १

## गृहमन्त्रालयको विज्ञप्ति

अबउप्रान्त गद्दी र प्लेनको बाटो जाने आउने स्थायी राहदानी दिने सरकारले निधो गरेकोले ०९ साल वैशाख १ गतेदेखि स्थायी राहदानी लिन अड्डामा मोहरू ५ तिरी राहदानी लिने मन्सुवा हुनेहरुले लिने गर्नू ।

## गृहमन्त्रालयको विज्ञप्ति

ललितपुर सिनेमाहल कायदामाफिकको नभएकोले सो हलको चैत्र मसान्त-सम्मको आमदानी खर्चको हिसाब दुरुस्त गरी सो हलको कामबाट ककसलाई के कति तिर्नुपर्ने हिसाब गरी तिरी सो सिनेमाहल ०९ साल वैशाख १ गतेदेखि बन्द हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# गृहमन्त्रालयको विज्ञप्ति

सिनेमा विषयमा निम्न लिखित निर्णय भएको छ:

(१) आगामी चैत्र १ गतेदेखि सरकारले नै सिनेमाको फिल्म ल्याउने हुनाले कसैले नझिकाउनुहोला ।

(२) काठमाडूमा दुइटा १००० सिटवाला, ललितपुरमा यौटा १००० सिटवाला, भक्तपुरमा यौटा ७०० सिटवाला सिनेमा सरकारबाट खोल्न दिने हुनाले सरकारले निर्धारित गरेको टिकटको दरमा देखाउनपर्ने गरी र सयकडा ३५ पर्सेन्ट सरकारलाई इन्टरटेनमेन्ट टयाक्स तिर्ने गरी कसले कहाँ कुन ठाउँमा सिनेमाहल बनाउने हो, चैत्र ७ गतेसम्ममा नक्सासमेत गृहमन्त्रालयमा दरखास्त दिनुहोला ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार